सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ५, संख्याः६, माघ ५ गते, २०७८ साल**


## भाग-१

## सरुमारानी गाउँपालिका

## सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८

**प्रमाणिकरण र प्रकाशन मितिः २०७८/१०/०५**

**प्रस्तावनाः**

साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा सेवा प्रवेश गरी हाल सम्म स्थायी रुपमा कार्यरत स्थानीय तहका स्थानीय सेवाका कर्मचारीहरुको समायोजन, तह मिलान/ वढुवा/स्तरबृद्धि जस्ता वृति विकासका विषयमा देखिएको अस्पस्टता, जटिलता र असमानता हटाई स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनलाई समान, न्यायोचित र एकिकृत गरी कर्मचारीहरुको मनोवल उठाउदै स्थानीय तहको कार्यसम्पादन परिणाममुखि वनाउनको लागि कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले समायोजन ऐन, २०७५ को दफा (२३) मा भएको व्यवस्था वमोजिम स्थानीय सरकार संचालन ऐनको दफा १०२ को उपदफा(१) बमोजिम सरुमारानी गाउँपालिकाको दशौ गाउँसभाले यो ऐन वनाई लागु गरेकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः **सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८** हुनेछ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा**

(क) "कर्मचारी" भन्नाले साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय

तहमा बढुवा/स्तर बृद्धि नभई समायोजन भएका यो ऐन जारी हुँदाको वखत सम्म सरुमारानी गाउँपालिकामा कार्यरत रहेका स्थानीय सेवाका स्थायी कर्मचारी सम्झनु पर्दछ ।

(ख) "समायोजन ऐन" भन्नाले संघीय सरकारबाट कर्मचारी समायोजनका लागि जारी भएको कर्मचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ग) "गाउँ सभा" भन्नाले सरुमारानी गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(घ) "कार्यपालिका "भन्नाले सरुमारानी गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत "भन्नाले सरुमारानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) "स्थानीय तह" भन्नाले सरुमारानी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) "न्युनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानुन बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी व्यवस्थापन" भन्नाले साविक स्थानीय निकायबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (८५) बमोजिम स्थानीय तह सरुमारानी गाउँपालिकामा स्वतः समायोजन भै समायोजन तह मिलान/बढुवा/स्तरबृद्धि नभएका स्थायी कर्मचारीहरुलाई दफा (३) बमोजिम हुने समायोजन तह मिलान/स्तर वृद्धि/ग्रेड थप समेतलाई सम्झनु पर्दछ ।

(झ) ऐन भन्नाले सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ सम्झनु पर्दछ ।

(ञ) स्थानीय कानुन भन्नाले सरुमारानी गाउँपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्दछ

**३. समायोजन तह मिलान/स्तरबृद्धि संगठन संरचना सम्वन्धी व्यवस्थाः**

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ जारी हुनु भन्दा अगाडि स्थानीय निकायको स्वीकृत दरवन्दीमा स्थायी नियुक्त भई यस गाउँपालिकामा समायोजन, सरुवा तथा पदस्थापना भएका साविकका स्थानीय सेवाका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन २०७५(प्रकाशन मिति २०७५/११/१०) प्रकाशन भएको मिति देखि जेष्ठता गणना र सोही मितिमा सम्बन्धित तहको लागी आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुगेका कार्मचारीहरुको एक पटकको लागी मात्र समायोजन तह मिलान/स्तर बृद्धि तथा ग्रेड वृद्धि गरिनेछ।

(२) उपदफा १ बमोजिम समायोजन गर्दा कर्मचारीको शैक्षिक योग्यता नोकरी अवधि समेतका आधारमा समायोजन तह मिलान/स्तर वृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डको आधारमा गरिने छ ।

**<u>तपशिल</u>**

| सि.नं | साविकको तह | सेवा अवधि | हाल समायोजन तह मिलान/ स्तरवृद्धि हुने तह | खाईपाई आएकोमा थप ग्रेड | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | श्रेणी विहिन | | श्रेणी विहिन | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सहायकस्तर तेस्रो | पाँच बर्ष भन्दा कम सेवा अविधि | सहायक स्तर तेश्रो | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह उत्तीर्ण |
| | | पाँच बर्ष वा पाचँ बर्ष भन्दा बढि सेवा अविधि | सहायकस्तर चौथो | - | |
| ३ | सहायक स्तर चौथो | पाँच बर्ष भन्दा कम सेवा अविधि | सहायकस्तर चौथो | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरह |
| | | पाँच बर्ष वा पाचँ बर्ष भन्दा बढि सेवा अविधि | सहायकस्तर पाँचौ | | |
| ४ | सहायकस्तर पाँचौ | पाँच बर्ष भन्दा कम सेवा अविधि | अधिकृतस्तर पाचौ | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह |
| | | पाँच बर्ष वा पाचँ बर्ष भन्दा बढि सेवा अविधि | अधिकृतस्तर छैठौ | - | |
| ५ | अधिकृतस्तर छैठौ | पाँच बर्ष भन्दा कम सेवा अविधि | अधिकृतस्तर छैठौ | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |
| | | पाँच बर्ष वा पाचँ बर्ष भन्दा बढि सेवा अविधि | अधिकृतस्तर सातौ | - | |
| ६ | अधिकृतस्तर सातौ | पाँच बर्ष भन्दा कम सेवा अविधि | अधिकृतस्तर सातौ | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह सो सरह उत्तीर्ण |
| | | पाँच बर्ष वा पाचँ बर्ष भन्दा बढि सेवा अविधि | अधिकृतस्तर आठौ | - | |

(३) उपदफा(१)बमोजिम समायोजन तह मिलान/स्तरबृद्धि हुने कर्मचारीको हकमा गाउँपालिकाले संगठन संरचना तथा ब्यबस्थापन अध्ययन सर्भे भई गाउँसभाबाट स्वीकृत दरबन्दी भित्र परेमा सोही बमोजिम र दरबन्दी नपरेमा दरवन्दी पुनरावलोकन गरी गाउँ सभाबाट संगठन संरचना तथा ब्यबस्थापन अध्ययन सर्भे स्वीकृत भए पछि पदस्थापना गर्ने र सो अवधि सम्म समायोजन तह मिलान/स्तरबृद्धि भएका कर्मचारीहरुलाई स्वतः पुल दरवन्दीमा कायम गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको समायोजन, तह मिलान तथा ग्रेड वृद्धि गराउदा स्थायी नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि, समेतका आधारमा सेवा समुहसंग मिल्दो पदमा तह मिलान वा स्तरवृद्धि गरिनेछ ।

(५) उपदफा- ४ बमोजिम शैक्षिक योग्यताको हकमा स्थानीय तहको पदपुर्तिका लागी लोकसेवा आयोगले सम्बन्धित तहका लागि निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यतालाई आधार मानिनेछ ।

## ४. सूचना प्रकाशन गरिनेः

क)  यो ऐन बमोजिम समायोजन तह मिलान/स्तरबृद्धि सम्बन्धि कार्यालयले कम्तिमा सात दिनको सूचना प्रकाशन गर्नु पर्नेछ ।

ख)  यस कार्यालयबाट प्रकाशन हुने सूचनाको म्याद भित्र सम्पूर्ण कागजातहरु स्वयंमले प्रमाणित गरि निबेदन पेश गर्नु पर्नेछ ।म्याद भित्र कागजात पेश नगर्ने कर्मचारीको समायोजन तह मिलान/स्तर बृद्धि वा ग्रेड बृद्धि हुने छैन ।

**५. समायोजन तह मिलान/स्तरवृद्धि पत्र दिनेः**

१) प्रमुख प्रशासकीय अधिकृतले दफा-४ बमोजिमको प्रकाशित सूचना अनुसार पर्न आएका निवेदनहरुको छानविन गरी समायोजन तह मिलान/स्तरबृद्धि वा थप ग्रेडको लागी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) यस ऐन बमोजिम समायोजन तह मिलान/स्तरबृद्धि/थप ग्रेडको लागी गाउँकार्यपालिकाले निर्णय गरे पश्चायत कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन तह मिलान/स्तरबृद्धि वा थप ग्रेडमिलान भएको पत्र कम्तिमा ७ दिन भित्र दिनु पर्नेछ ।

(३)  उपदफा (२) बमोजिम दिईने पत्र **अनुसूची-१** बमोजिम हुनेछ ।

**६. समायोजन तह मिलान/स्तरबृद्धि भएका कर्मचारीहरुको सेवा सुविधाः**

क)  यस ऐन बमोजिम समायोजन तह मिलान/बढुवा/स्तरबृद्धि भएका स्थानीय तहका कर्मचारीहरुको तलव तथा अन्य सुविधा कानून बमोजिम हुनेछ ।

ख)  दफा (क) बमोजिम गाउँपालिकामा स्थानीय सेवाका कर्मचारी समायोजन तह मिलान/स्तरबृद्धि हुदाँ कायम हुने तलव निजले हाल खाईपाई आएको तलव भत्ता भन्दा कम हुने छैन। यदि तलवमान कम भएमा ग्रेड थप गरि तलवमान मिलान गरिनेछ ।

**७. सेवा अवधि र शैक्षिक योग्यता गणनाः**

यस ऐन बमोजिम समायोजन तह मिलान/स्तरबृद्धिका लागी सेवा अवधि तथा शैक्षिक योग्यताको गणना कर्मचारी समायोजन ऐन २०७५ को प्रमाणिकरण र प्रकाशन मिति २०७५/११/१०लाई आधार मानिनेछ ।

**८. जेष्ठता गणनाः**

समायोजन तह मिलान/स्तर बृद्धि भए पश्चात हुने पदको जेष्ठता समायोजन तह मिलान भएको मिति देखि गणना गरिनेछ ।

**९. आवश्यक ब्यबस्था मिलाउनेः**

यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएका कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

**१०. खारेजी र वचाउः** यो ऐन बमोजिमको ब्यबस्था यसै कानुन बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची-१

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

समायोजन तह मिलान/स्तरबृद्धि पत्र

मितिः ....../........./............

पत्र संख्याः

चलानी नं.

श्री .....................................

**विषयः समायोजन तह मिलान/स्तरबृद्धि गरिएको सम्बन्धमा ।**

**सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८** र यस कार्यालयको मिति .....................को निर्णय अनुसार मिति ..................देखि जेष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको पद/तहमा **समायोजन तह मिलान/स्तरबृद्धि** गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रहि ईमान्दारी पुर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएकोछ ।

स्थानीय सेवाको पद/तहमा **समायोजन तह मिलान/स्तरबृद्धि** हुनु भएकोमा बधाई छ ।

तपसिलः

| हाल कार्यरत पद तथा तहको विवरणः | | **समायोजना तह मिलान/स्तरबृद्धि** गरिएको पद तथा तहको विवरण | |
|---|---|---|---|
| पदः | | पदः | |
| तहः | | तहः | |
| सेवाः | | सेवाः | |
| समूहः | | समूहः | |

.........................

प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थः</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमान्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालय, लुम्वनी प्रदेश मुकाम बुटवल ।

श्री प्रदेश लोकसेवा आयोगको कार्यालय, लुम्वनी प्रदेश बुटवल ।

श्री राष्ट्रिय कितावखाना हरिहर भवन पुल्चोक ललितपुर ।

श्री कर्मचारी संचय कोष, त्रिदेवीमार्ग ठमेल काठमान्डौ ।

श्री नागरिक लगानी कोष, नयावानेश्वर काठमान्डौ ।

श्री प्रशासन शाखा सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बङ्गाडा प्यूठान ।

श्री आर्थिक प्रशासन शाखा सरुमारानी गाउँकार्यपालिकाको कार्यालय बङ्गाडा प्यूठान ।

आज्ञाले

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत